# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केवर, धनुषा
मधेश प्रदेश, नेपाल

पत्र संख्याः-२०८१/०८२ मितिः२०८२/०२/२९
चलानी नं.

मिथिला नगरपालिका नगर कार्यपालिकाको कार्यालय ढल्केवर, धनुषा मधेश प्रदेश, नेपाल २०७३

**विज्ञप्ति**

धनुषा जिल्ला मिथिला नगरपालिका कार्यालयको आ.व.२०८१/८२ को स्वीकृत योजना तथा कार्यक्रमहरुको सम्झौताको विषयलाई लिएर मिति २०८२/०२/२६ गतेका दिन सामाजिक संजाल फेसबुकमा भ्रम सिर्जना गर्ने किसिमले यस पालिकाको योजना शाखामा कार्यरत कर्मचारीहरु उपर गम्भिर झुठा आरोप लगाएर चरित्र हत्या गर्ने प्रयास भएको दुःखद घटना प्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ । यसले व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने मौलिक हकको उलंघन मात्र नगरी कानूनी राज्यको खिल्ली उडाएको प्रमाणित हुन्छ । नगरपालिकाको विकास निर्माण, सेवा प्रवाह लगायत सर्वाङ्गिण विकासमा प्रत्यक्ष संलग्न राष्ट्रसेवक कर्मचारी माथि निराधार आरोप लगाई चरित्र हत्या गर्ने कार्यले मनोबल खस्किन गई नगरपालिकाको विकासमा प्रत्यक्ष नाकारात्मक असर पर्ने स्वाभाविक हो । तसर्थ यस्ता किसिमको कसैको व्यक्तिगत चरित्रहत्या गर्ने गरी भ्रामक समाचार सामाजिक संजालमा सम्प्रेषण नगर्न नगराउन हुन सम्पूर्णमा अनुरोध गरिन्छ । नगरपालिकासँग कुनै किसिमको असन्तुष्टि, गुनासो भए प्रमुख प्रशासकीय अधिकृत, नगर उप प्रमुख र नगर प्रमुख ज्यूसँग प्रत्यक्ष रुपमा राख्न हुन समेत अनुरोध गरिन्छ ।

...................
अशोक कुमार भण्डारी
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत